# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं मार्ग १५ गते २०१० साल

## भाग ३

## उद्योग वाणिज्यमन्त्रालयको सूचना

सरहदका पहाड इलाकाहरूमा मोटर मोटर— साइकल, लरी, बस नभएको मात्र होइन कि सो चल्ने बाटो घाटोसमेत नभएको र पेट्रोलद्वारा चल्ने खेतीको सामान मेशिन, कल, कारखानाहरूसमेत नभएकोमा पनि सदर चारभन्ज्याङबाट बराबर पहाडतर्फ पेट्रोल निकाशा हुने गरेको बुझिन आएको छ। शायद पेट्रोल सामान्य बत्ती बाल्ने काममा पनि व्यवहार गर्न सकिन्छ कि भन्ने भ्रमबाट त्यसो गरेको होला। पेट्रोल जस्तो विस्फोटक जोखिमी पदार्थको उचित व्यवहार हुन नसकेमा त्यसबाट जन धनसमेतको ठूलो क्षति हुन जाने कुरा भनिरहनुपर्ने होइन।

२. पहाड इलाकाहरूमा पेट्रोल व्यवहार गरिने साधनहरू नभएको र सामान्य बत्ती बाल्ने काममा यसको व्यवहार हुन नसक्ने औ बहुअंश पहाडिया जनताले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

१२८

यसको व्यवहार गर्ने उचित तरिकासम्म पनि नजान्ने हुँदा पहाडतर्फ यो महान् जोखिमी विस्फोटक पदार्थ पेट्रोल जान दिने गरेमा उचित्त र सद्व्यवहार हुन नसकी त्यसबाट जन धनको समेत ठूलो क्षति हुन गै जनतामा महान् धोका पर्न आउने सम्भावना देखिएकोले सम्बत् २०१० साल मार्ग ८ गते रोज २ देखि अर्को सूचना प्रकाश नभएसम्म सरकारिया विशेष इजाजतबेगर सदर चारभन्ज्याङ-बाहिर पेट्रोल निकासी गर्न मनाही गरिएकोले जनसाधारणमा सो कुरा थाहा होस् भन्नानिमित्त यो सूचना प्रकाश गरिएको छ ।

२. सरकारिया विशेष इजाजत नलिई कसैले सदर चारभन्ज्याङबाहिर पेट्रोल निकासी गरेमा ऐन सवालबमोजिम सजाय हुनेछ ।

आज्ञाले,—

नीरराज,

सेक्रेटरी,—उद्योग वाणिज्यमन्त्रालय.

गोरखापत्र छापाखानाबाट मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

१२८